# बुढीगंगा गाउँपालिका
Budhiganga Rural Municipality

## गाउँ कार्यपालिकाको कार्यालय

Office of the Rural Municipal Executive — कोशी प्रदेशनेपाल ,

Hattimuda,Morang — Koshi Province , Nepal

**विषय :-आ. व. २०८२।२०८३ को लागि कबाडी मालसामान बिकि बितरण तथा उपयोग कर संकलन ठेक्का बन्दोबस्ती सम्बन्धी शिलबन्दी बोलपत्र पेश गर्ने आव्हानको सूचना ।**

**सूचना प्रकाशित मिति २०८२।०१।२६**

**(बिद्युतीय खरिद प्रणाली (e-GP) बाट मात्र)**

आ.ब. **२०८२।२०८३** को लागि मुख्य राजमार्ग समेत गा.पा.को क्षेत्र भित्रका उद्योग कलकारखाना बाट निस्कने कबाडी मालसामानहरुको बिकि वितरण तथा उपयोगमा लाग्ने कवाडी कर संकलनको लागी आन्तरिक आय सम्वन्धि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले यस गाउँपालिकाले तोकेको शर्तहरुको अधिनमा रही इच्छुक व्यवसायी, फर्म, कम्पनी तथा व्यक्तिहरुबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरि कर संकलन गर्नका लागि यस गाउँपालिका बाट जारी गरिएको तपसिल बमोजीमको बोलपत्र फारम दस्तुर तिरी (फिर्ता नहुने गरी) खरिद गरी तोकिएको म्याद भित्रमा **बिद्युतीय खरिद प्रणाली (e-GP)** बाट मात्र शिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :-

| सि.नं. | किसिम | कर तथा मर्मत शुल्क संकलन क्षेत्र | न्यूनतम कबोल मूल्य रु.(भ्याट बाहेक) | बोलपत्र खरिद दस्तुर |
|---|---|---|---|---|
| १ | कबाडी मालसामानहरुको बिकी वितरण तथा उपयोगमा लाग्ने कर संकलन | मुख्य राजमांग समेत गा.पा.को क्षेत्र भित्रका उद्योग कलकारखानाहरु | ७५,१५,३१२।०० | ३०००।०० |

१. बोलपत्र खरिद गर्न इच्छुक व्यवसायी, फर्म कम्पनीहरुले मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी , आ.व. २०८१।०८२ सम्मको फर्म दर्ता र नविकरण, आ.व. २०८०।०८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी तथा व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र मु.अ.करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी साथ मिति २०८२।०२।२५ गते दिनको १२.०० बजे सम्ममा शिलबन्दी बोलपत्र **बिद्युतीय खरिद प्रणाली (e-GP)** PPMO's Website www.bolpatra.gov.np/egp बाट मात्र खरिद गरी दर्ता गरी सक्नुपर्नेछ । तोकिएको समय भित्र प्राप्त बोलपत्रहरु सोहि दिन दिनको १.०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधि र यस गा.पा.का प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन । बोलपत्र खरिद गर्ने ,दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो दिन पछि कार्यालय खुलेको दिन लाई अन्तिम दिन मानिनेछ ।

२. बोलपत्र फारम खरिदको लागी बुढीगंगा गांऊपालिकाको नाममा रहेको एन.आई.सी.एशिया बैंक लिमिटेड पुष्पलालचौक शाखा कार्यालय बिराटनगरको आन्तरिक राजस्व खाता न ०६९२०५९५०११७५००२ राजस्व शिर्षक नं "१४२२९" अन्य प्रशासनिक सेवा शुल्क मा र बोलपत्रदाताले कबोल गरेको अंक (भ्याट सहित) को ५ प्रतिशतले हुन आउने रकम धरौटी बापत यस कार्यालयको एन.आई.सी एसिया बैंक लि. पुष्पलालचौक शाखा कार्यालय बिराटनगर मा रहेको धरौटी खाता नं. ६९CA५०११७५५२४००६ मा जम्मा गरेको सक्कलै भौचर पिडियफ फरमेटमा स्क्यान गरी वा बोलपत्र पेश गर्ने अन्तिम दिन देखी कम्तीमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंक वा बित्तिय संस्था बाट बैंक ग्यारेन्टी (बिड बण्ड) पिडियफ फरमेटमा स्क्यान गरी पेश गर्नुपर्ने छ ।

३. प्रचलित कानून बमोजिम तिर्नुपर्ने कर तथा शुल्कहरु बोलपत्रदाता स्वयंले तिर्नुपर्ने छ । स्वीकृत बोलपत्रदाताले कार्यालयमा बुझाउनुपर्ने सम्पूर्ण रकम र कर चुक्ता गरेको प्रमाणपत्र पेश गरेपछी मात्र धरौटी रकम फिर्ता हुने छ । अन्यको हकमा सम्झौता भएपछि धरौटी रकम फिर्ता दिइनेछ ।

४. कर संकलनको दररेट बोलपत्र फारममा संलग्न गरिएको छ ।

प्रशासकीय अधिकृत

५. आ.व. २०८२।०८३ को लागि कवाडी मालसामान हरुको बिक्रि बितरण तथा उपयोगमा लाग्ने कर संकलन मिति २०८२ श्रावण ०१ गते देखी २०८३ साल असार मसान्त सम्म हुनेछ ।

६. बोलपत्र स्वीकृत भई सम्फौता भए पश्चात कुनै किसिमको छुट, मिनाहा वा माफी दिईनेछैन ।

७. बोलकबोल अंकको रकम सम्फौता गर्ने समयमा एकमुष्ट रकम बुझाएमा १०% छुट दिईनेछ । एकमुष्ट रकम नबुझाएमा छुट दिईनेछैन । बैंकमा नगद जम्मा गर्दा एन.आइ.सी.एसिया बैंक लि.मा रहेको यस गाउँपालिकाको आन्तरिक राजस्व खाता न ०६९२०५९५०११७५००२ राजस्व शिर्षक न. "१४२२९" अन्य प्रशासनिक सेवा शुल्क मा जम्मा गर्नुपर्नेछ र संफौता गर्दाको समयमा ४० प्रतिशत रकम नगदै बुझाउनुपर्नेछ र बांकी ६० प्रतिशत रकम पनि नगदै वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त बाणिज्य बैंक वा बित्तिय संस्था बाट मिति २०८३ श्रावण मसान्त सम्म मान्य अवधि भएको कार्य सम्पादन जमानत पत्र (परफरमेन्स बण्ड ) अनिवार्य रुपमा पेश गरेपछि मात्र संफौता गरिनेछ । ४० प्रतिशत मात्र रकम जम्मा गरेर कार्य सम्पादन जमानत पत्र (परफरमेन्स बण्ड ) पेश नगरेमा संफौता गरिनेछैन ।

८.बोलपत्रदाताबाट बोलपत्रमा बोलकबोल रकम अंक र अक्षरमा अनिवार्य रुपमा उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा उल्लेखित रकमलाई मान्यता दिइने छ । केरमेट भएको ठाउँमा सही छाप भएको हुनुपर्ने छ ।

९. म्याद नाघि वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कार्रवाही हुनेछैन ।

१०.यस गाउँपालिकाको हितलाई मध्यनजर गरी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

११. ठेक्का सम्बन्धी विस्तृत जानकारी यस गाउँपालिकाको कार्यालय हात्तिमुडा मोरङ्गमा आई बुझ्न सकिनेछ । अथवा गा.पा.को website www.budhigangamunmorang.gov.np मा हेर्न सकिने छ ।

१२.कागजका टुकाहरु लाई जम्मा गरी पुन:कागजमै रुपान्तरण गर्ने प्रयोजनको लागी उद्योग बाट अन्यत्र जिल्ला बाहिर लैजादा कर तिर्नुपर्नेछ ।

१३.ठेक्का लिई रकम संकलन गर्ने क्रममा कुनै किसिमको दुर्घटना भएमा बोलपत्रदाता स्वयं सो को जवाफदेही हुनुपर्नेछ ।

१४.ठेक्का सम्वन्धि रसिद हरु ठेकेदार आफैले छपाई कार्यालय बाट प्रमाणीत गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणीत नगराई उठाईएको पाईएमा नियमानुसार कारबाही गरिनेछ ।

१५.यस सुचनामा उल्लेख नभएका कुरा हरु स्थानीय सरकार संचालन ऐन २०७४,सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित ), सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित ) र प्रचलित ऐन कानुन बमोजीम हुनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत